# उन्नाइसौं नगर सभामा नगर प्रमुख श्री मीनाकुमारी लामाद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

संवत् २०८३ साल असार ९ गते मंगलबार

**नगर सभाका सदस्यज्यूहरू,**

१. सर्वप्रथम म यस गरिमामय नगरसभामा उपस्थित सदस्य महानुभावहरू तथा कर्मचारीप्रति हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु।

२. यस ऐतिहासिक अवसरमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र नवयुवा पुस्ताले गरेको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात– अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै ती आन्दोलनहरूका क्रममा घाइते हुनुभएका तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान एवम् कृतज्ञता व्यक्त गर्दछु।

३. यस गरिमामय उन्नाइसौँ नगर अधिवेशन समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि हेटौँडा उपमहानगरपालिकाले पछिल्लो ४ आर्थिक वर्षमा हासिल गरेका प्रमुख उपलब्धि, अनुभव र सिकाइहरूको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु। यी उपलब्धिहरु नगरको विकास, सुशासन, दिगो पूर्वाधार विस्तार तथा सेवा प्रवाहमा गुणस्तर सुधार, हरियाली प्रवर्द्धन, उद्यमशीलता प्रवर्द्धनमार्फत् रोजगारी सिर्जना लगायतका कार्यहरु सामूहिक प्रयासको परिणाम हुन् भन्ने विश्वास लिएको छु।

४. पूर्वाधार विकासतर्फ उल्लेखनीय प्रगति हासिल गर्दै हालसम्म १०.५१ किलोमिटर सडक कालोपत्रे, २६९.७० किलोमिटर सडक ढलान, ३३ वटा साना र ठूला प्रकृतिका कल्भर्ट तथा २२.६८ किलोमिटर सडक ग्राभेल गरिएको छ। साथै ४८ वटा खानेपानी पूर्वाधार निर्माण भएको जानकारी गराउन चाहन्छु।

त्यसैगरि पर्यटन पूर्वाधार ५७, खेलकुद पूर्वाधार १०७, गुम्बा निर्माण ७९, मन्दिर निर्माण २५३, तटबन्धन ६१, साना सिंचाई आयोजना ३२, शौचालय निर्माण ४९, स्वास्थ्य पूर्वाधार ३०, सामुदायिक भवन निर्माण ६३, ढल तथा नाला निर्माण ४५, पार्क निर्माण १२ सम्पन्न भएको अवगत गराउन चाहन्छु । साथै बास नभएकालाई आवास नीति अन्तर्गत लुमन्तीको सहकार्यमा आवास परियोजना अन्तर्गत चालु आर्थिक वर्षमा १०० वटा घर आवास निर्माण कार्य अगाडि बढाइएको छ ।

५. सेवा प्रवाहलाई व्यवस्थित बनाउन हालसम्म १७ वटा वडा कार्यालय भवन निर्माण तथा मर्मत सम्पन्न गरिएको र निर्माणाधीन १६ नं. वडा कार्यालय आगामी वर्ष निर्माण सम्पन्न गरी नवनिर्मित भवनबाट सेवा प्रवाह सुचारु गरिनेछ । साथै वडा नं. २ कार्यालय निर्माणको लागि जग्गा प्राप्तिको प्रकृया अघि बढाइनेछ। यसबाट सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा राखिएको छ।

६. नगरवासीको आर्थिक सशक्तिकरणका लागि १४ वटा साना उद्योग सञ्चालनमा सहायता प्रदान गरी ४५० जनालाई प्रत्यक्ष र ७०० जनालाई अप्रत्यक्ष रोजगारीमा आवद्ध गरिएको छ। साथै गुन्द्रक उत्पादनलाई बजारीकरण, ढाका प्रवर्द्धन कार्यक्रम, स्वरोजगार तालिम सञ्चालनबाट ८०० जनाभन्दा बढी लाभान्वित भएका छन्।

७. कृषि कार्यक्रमतर्फ वडा नं. १२, १३, १४, १७ र १८ मा मेवा तथा ड्रयागन फ्रुटको व्यवसायिक खेतीबाट २०० जनाभन्दा बढी व्यक्तिलाई स्वरोजगार प्राप्त भएको छ। साथै युवा लक्षित पशुपालन कार्यक्रम मार्फत करिव ५५ वटा संस्था र १५२ जना व्यक्तिहरु लाभान्वित भएका छन्। बागमती प्रदेश सरकारको सहयोग तथा समन्वयमा प्रदान गरिएको अनुदानअन्तर्गत १९२ लाख लिटर दुध उत्पादनमा अनुदान वितरण गरिएको छ।

८. पार्क, खुला जिम, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ। साथै सरसफाइ व्यवस्थापन, प्लाष्टिक झोला निरुत्साहित अभियान सञ्चालन, जोखिमपूर्ण कार्यमा खटिएका जनशक्तिलाइ तीन वर्षबाट स्वास्थ्य बिमामा आवद्धता, निःशुल्क शववाहनमार्फत् ४८० शव व्यवस्थापन गरिएको छ।

९. शिक्षा क्षेत्रमा गुणस्तर सुधार गर्न १४७ आयोजनामार्फत् सामुदायिक विद्यालयको भौतिक सुदृढीकरण कार्यक्रम सम्पन्न गरिएको छ। संस्थागत विद्यालयको वर्गीकरण कार्य सम्पन्न गरिएको छ। साथै शिक्षक बैंक, आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सुधारका कार्यमा प्राथमिकता दिइएको छ।

१०. पदमपोखरी तथा हटियामा ५ शैयाको नगरस्तरीय अस्पताल सञ्चालनमा आएको छ। यसका साथै २२ वटा आधारभूत स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी सेवा प्रवाहलाई व्यवस्थित गरिएको छ।

११. स्थानीय शासनयुक्त वडा तथा नगर घोषणा सम्पन्न साथै हिंसा पीडित महिला तथा बालबालिकाको लागि अल्पकालीन आश्रयस्थल आफ्नै भवनबाट निरन्तर सञ्चालन भएको छ ।

१२. मानव बेचविखन पीडित तथा प्रभावितको लागि जीविकोपार्जनमा सहायता कार्यक्रम सञ्चालन साथै गृहिणी महिला शसक्तीकरण, महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यकको लागि सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. वडा नं. २, ७, ९, १०, १४ र १८ मा ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन तथा बहिराहरुका लागि दोभाषे कार्यक्रमलाई निरन्तरता दिइएको छ।

१४. उपमहानगरपालिबाट निर्माण भएका तीनवटा पार्क तथा पुस्तकालयको सञ्चालन तथा व्यवस्थापन सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप करार सम्झौतामार्फत् विगत लामो समयदेखि निजी क्षेत्रलाई सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिई सरकारको सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिताको सफल अभ्यासलाई निरन्तरता दिइएको छ।

१५. सहरी स्वच्छता अभिवृद्धिलगायत समृद्ध, सभ्य र सुसंस्कारयुक्त नगर निर्माणमा नागरिक तहको संगठित सहभागितालाई प्रोत्साहन गर्न अघि बढाइएको टोल विकास संस्था गठन तथा परिचालनको अभियान नगरका सबै वडाहरुमा विस्तार भई नगरको विकास तथा सामाजिक रुपान्तरणका अभियानमा नागरिकको सहभागिता बढ्दै गएको छ।

१६. हेटौंडा सहर 'सडक मानवमुक्त सहर' बनाउनका लागि उपमहानगरपालिका क्षेत्रमा सडक बालबालिकाहरु र सहयोगापेक्षी सडक मानवहरुलाई क्रमशः मामाघर नेपाल र मानव सेवा आश्रममा उपचार, शिक्षा, हेरचाह र बसोबासको व्यवस्थापन गर्न समन्वय र सहकार्य गरिएको छ। भिन्न क्षमता भएका लैंगिक तथा यौनिक अल्पसंख्यक, होचा पुड्का, अपाङ्गता तथा विपन्न तथा एकल महिला, लागु पदार्थको कुलतमा फसेका उपचाररत नागरिकको सशक्तीकरण, आयआर्जन, उपचार, पारिवारिक पुनर्स्थापनामा जोड दिइएको छ ।

१७. एच.आई.भी. संक्रमित तथा प्रभावित २७ जना बालबालिकाको शैक्षिक निरन्तरताका लागि मासिक रुपमा रु.२,०००।०० शैक्षिक तथा पोषण सहयोग विगत ४ बर्षदेखि निरन्तर उपलब्ध गराइएको छ । संक्रमितको उपचार र आयआर्जनका लागि नियमित कार्यविधि अनुसार सहयोग उपलब्ध गराई जीवनयापनलाई सहज बनाइएको छ ।

**उपस्थित नगर सभासद्ज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु । यी नीति तथा कार्यक्रमहरू समृद्ध हेटौंडा निर्माणको दीर्घकालीन सोचलाई केन्द्रमा राखी नगरवासीको आवश्यकता र अपेक्षालाई सम्बोधन हुने गरी तर्जुमा गरिएका छन्। यसका साथै यस आर्थिक वर्षको नीति तथा कार्यक्रम दिगो विकास, सुशासन, पूर्वाधार विकास, आर्थिक समृद्धि, हरियाली प्रवर्द्धन, उत्पादनमुखी उद्यमशील नगर, रोजगारी सिर्जना तथा गुणस्तरीय सेवा प्रवाह एवम् जेनजी आन्दोलनको मर्म र भावनालाई प्रमुख प्राथमिकतामा राखी तर्जुमा गरिएको यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

## पूर्वाधार विकासतर्फ

### आवास तथा सहरी विकास

१८. भूउपयोग योजना अनुरुप बस्ती विकास गर्न उपमहानगरपालिकामा भूउपयोग क्षेत्र वर्गीकरण अन्तर्गत विभिन्न चरणमा आवास तथा बस्ती विकासका लागि स्थानहरु पहिचान गरिनेछ ।

१९. व्यवस्थित बस्ती विकासका लागि भौगोलिक सूचना प्रणालीमा आधारित House and Street Addressing System तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२०. अटो भिलेज निर्माणका लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारसँग समन्वय गरी नगरभित्र रहेका ग्यारेज तथा कवाडीजन्य व्यवसायलाई व्यवस्थित गरिनेछ।

२१. उपमहानगरपालिकाको वडा नं. १० स्थित निर्माणाधीन एकीकृत बस टर्मिनल सहितको सपिङ्ग कम्प्लेक्स निर्माण कार्य सम्पन्न गरी आगामी आर्थिक वर्षबाट सञ्चालनमा ल्याइनेछ ।

२२. भवन निर्माण इजाजत प्रक्रिया छिटो छरितो ढङ्गबाट सम्पादन गर्नका लागि वद्युतीय भवन इजाजत प्रणाली Electronics Building Permit System (EBPS) सञ्चालनमा ल्याइनेछ।

२३. सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तीको संरक्षण गरिनेछ ।

२४. नयाँ भवनको इजाजत प्रदान गर्दा उर्जा क्षमता तथा हरित भवन (Green Building) निर्माणका लागि प्रोत्साहन गरिनेछ।

**सडक तथा यातायात**

२५. नगर यातायात गुरुयोजनाका आधारमा सडकहरुको मार्गाधिकार (Right of Way) तथा नामकरण सहितको सडक प्रोफाइल तयार गरिनेछ।

२६. विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी चार्जिङ स्टेशनको विस्तार गरिनेछ।

२७. सडक सुरक्षाको लागि आवश्यक स्थानमा साइनेज, जेब्रा क्रसिङ, सेन्टर लाईन, रोडमार्किङ व्यवस्थापन गरी यसको प्रयोगका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. संघीय सरकार तथा बागमती प्रदेश सरकारको लागत सहभागितामा कर्रा खोला र राप्ती नदीले मानव बस्तीलाई

पुऱ्याउन सक्ने क्षति न्यूनीकरणका लागि करिडोर निर्माण कार्य निरन्तरता दिइनेछ।

२९. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत कार्यलाई निरन्तरता दिइनेछ। साथै नियमित **मर्मत सम्भार: दिगो सडकको आधार** भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याउन २ प्रतिशत मर्मत सम्भार कोषमा कट्टि गर्ने र विपद् व्यवस्थापन कोष बाहेकका पूर्वाधार विकासतर्फका रु. १ लाखभन्दा माथिका आयोजना कार्यान्वयनमा अधिकतम ३ प्रतिशतसम्म कन्टिजेन्सी कट्टा गरिनेछ।

३०. आन्तरिक स्रोतबाट कार्यान्वयन हुने र संघीय तथा बामगती प्रदेश सरकारसँग माग गर्ने गरी कार्यान्वयन हुने नगर भित्रका ठूला पूर्वाधार परियोजना निर्माण कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) साथै विस्तृत ईन्जिनियरिङ्ग डिजाइन (DED) गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३१. नेपाल विद्युत प्राधिकरणसँगको समन्वय तथा सहकार्यमा सडकमा परेका विद्युतका पोलहरु सार्ने कार्यलाई निरन्तरता दिइनेछ।

३२. तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित गर्न मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित तीन पाङ्ग्रे सवारी साधनलाई विधुतीय सवारी साधनमा परिणत गर्न प्रोत्साहन गरिनेछ ।

३३. सवारी पार्किङ्गलाई व्यवस्थित गर्न सम्भावित पार्किङ्ग क्षेत्र पहिचान गरी **निजी क्षेत्रमार्फत् सशुल्क पार्किङ्ग** व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

**खानेपानीतर्फ**

३४. हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड र खानेपानी उपभोक्ता समितिसँगको समन्वयमा सुरक्षित र गुणस्तरीय खानेपानी सेवा सर्वसुलभ रुपमा उपलब्ध गराइनेछ।

३५. परम्परागत पानी पोखरी, ढुङ्गे धारा र मूलहरुको संरक्षण कार्यलाई निरन्तरता दिइनेछ।

३६. भूमिगत पानी पुनर्भरण हुने क्षेत्र पहिचान, नक्साङ्कन गरी भण्डारण (Groundwater Resource Potential – Deep and Shallow Aquifers) क्षमता र अवस्थिति बारे विस्तृत भौगर्भिक अध्ययन (Geological Assessment or Survey) गरिनेछ।

३७. एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यान्वयन संघीय सरकारसँगको समन्वय तथा सहजीकरणमा गरिनेछ।

३८. पानीको बहु उपयोग, एकीकृत उपयोग तथा पुनः उपयोगलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ।

**विद्युत तथा वैकल्पिक उर्जातर्फ**

३९. उज्यालो र सुरक्षित सहर निर्माणको लागि नगरका विभिन्न स्थानमा हाइमास्ट लाइट, स्ट्रिट लाइट र सि.सि.क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

४०. आवश्यक स्थानमा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्न, ट्रान्सफर्मर जडान गर्न, विद्युत नपुगेका स्थानमा विद्युत सेवा विस्तार गर्न तथा विद्युत आपूर्ति नियमित गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय तथा सहकार्य गरिनेछ।

४१. बायोग्याँसको प्रयोगलाई प्रवर्द्धन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, गैर सरकारी संस्थालगायत सरोकारवाला निकायसँग समन्वय तथा स्थानीयलाई बायोग्यास प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

४२. संघीय सरकारले ग्रीन हाइड्रोजनको व्यवसायिक उत्पादनको परीक्षण थालनी हेटौंडाबाट गर्न थालेकोमा उपमहानगरपालिकाबाट समन्वय र सहजीकरण गरिनेछ ।

## आर्थिक विकासतर्फ

## कृषि विकास

४३. सामुहिक खेती पद्धतिलाई प्रोत्साहन गरिनेछ साथै आगामी आर्थिक वर्षमा **२०० विगाहा** क्षेत्रफलमा ड्रयागन तथा मेवा खेतीमा लगानी विस्तार गरिनेछ।

४४. कृषितर्फ आधुनिक प्रविधि, सिँचाई विस्तार, उन्नत बीउ तथा समुचित मलको प्रयोगलाई प्राथमिकता दिई उत्पादन, उत्पादकत्व वृद्धि तथा लागतमा न्युनीकरण गरिने छ।

४५. किसान सूचीकरणमार्फत् सम्पूर्ण कृषकहरुको तथ्याङ्क सङ्कलन सम्पन्न गरी **'कृषि तथा पशुजन्य वस्तुको उत्पादन, कृषकको पहिचान'** भन्ने मूल नाराका साथ कृषकहरुको वर्गीकरण गरी कृषक पहिचानसहित परिचय-पत्र वितरण गरिनेछ।

४६. जेनजीलाई उत्पादन तथा आय आर्जनमा जोड्नका लागि युवा लक्षित कृषि कार्यक्रममार्फत् युवालाई कृषिमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. नमुना क्षेत्र निर्धारण गरी विषादी रहित उत्पादनमा प्रोत्साहन गर्दै जैविक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइने छ।

४८. तरकारी तथा फलफूल उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गर्न कृषक समूह तथा कृषि सहकारीहरु मार्फत अम्बा, मेवा, लिची, केरा, ड्र्यागन, एभोकाडो लगायतका फलफूलको क्षेत्र विस्तारका कार्यक्रम अन्तर्गत **"बारीदेखि बजारसम्म"** को नीति अवलम्वन गरिनेछ ।

४९. **"इज्जतको कमाई कोष मार्फत्"** महिला किसान प्रोत्साहन कार्यक्रम महिला कृषकको सहकार्यमा सञ्चालन गरिनेछ ।

५०. रसायनिक मलको विकल्पका रुपमा हरियो मल, गड्यौले मल, जैविक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५१. उत्पादित कृषि उपजको व्यवस्थित बजारीकरणका लागि बनाइएको प्रादेशिक कृषि थोक बजार पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ।

५२. कृषि उत्पादनलाई प्रवर्द्धन गर्नका लागि उत्पादित उपजलाई बजारीकरण गर्ने, आवश्यकताका आधारमा यान्त्रिकिकरणमा सहयोग गर्ने, कृषकका समस्या तथा गुनासो समाधानका लागि आवश्यक पहल गरिनेछ।

५३. हाइब्रिड तथा आयातित बीउहरुमा बढ्दो निर्भरतालाई न्यूनीकरण गर्न तथा जलवायु उत्थानशील खेती प्रणालीलाई जोड दिन खाद्यान्न बालीहरु मकै, धान, गहुँका स्वदेशी खुल्ला सेचित जातहरुको बीउ उत्पादनलाई जोड दिदै बीउमा आत्मनिर्भर बन्ने नीति लिइनेछ।

५४. रैथाने विउ संरक्षण तथा सम्बर्धनका लागि **"दिदी बहिनी विउ बैंक"** कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. **'स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात'** भन्ने नाराका साथ माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण गरी कृषि चुन वितरणलाई थप प्रभावकारी बनाइनेछ।

५६. उत्कृष्ट कृषक सम्मान सहित नवीनतम प्रविधिसँग जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. कृषि उत्पादनको मूल्य वृद्धि (Value Add) गर्न उत्पादनको प्रशोधन, भण्डारण, ग्रेडिङ, लेबलिङ प्याकेजिङ गर्न कृषकको क्षमता विकास गरिनेछ।

## पशुपन्छी विकासतर्फ

५८. तुलनात्मक रुपमा लाभ भएका पशुपालन व्यवसायका लागि पकेट क्षेत्र विस्तार गरी सङ्कलन केन्द्र, चिस्यान केन्द्र तथा मिल्क पार्लर लगायतका पूर्वाधार विकास गरिनेछ ।

५९. दुध, अन्डा तथा मासुको उत्पादन र उपलब्धता बढाउन नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

६०. पशु स्वास्थ्य सेवालाई चुस्त दुरुस्त बनाउन नियमित पशु स्वास्थ्य जाँच कार्यलाई थप प्रभावकारी बनाइने छ।

६१. पशुपालनसम्बन्धी आधारभूत प्राविधिक ज्ञान प्रदान गर्ने साथै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६२. निजी तथा सामुदायिक वनसँग सहकार्य गरी घाँस उत्पादन वृद्धि गरिनेछ।

६३. सीमान्तकृत किसानहरुलाई खेती प्रणालीमा सहजीकरणका लागि हल गोरु पालन प्रोत्साहन कार्यकम सञ्चालन गरिनेछ।

६४. विपन्न तथा गरिब परिवारको शिक्षा, स्वास्थ्य तथा खाद्य सुरक्षामा पहुँच पुर्याउन पशुपालन कार्यक्रममार्फत् सहयोग गरिनेछ।

६५. पशुजन्य उत्पादनको सङ्कलन, प्रशोधन, गुणस्तर परिक्षण, प्याकेजिङ, ब्रान्डिङमा सहयोग गरिनेछ।

६६. स्थानीय/ रैथाने जातका गाई, बाख्रा, कुखुरा, हाँस, कालिज, बट्टाई पालनलाई प्रोत्साहन गरिनेछ।

६७. सामुदायिक तथा छाडा पशुपन्छी व्यवस्थापनका लागि पशुपन्छी आश्रम (कान्जी हाउस) स्थापनाको निम्ति सहकार्य गरिनेछ।

६८. युवालाई लक्षित गरी पशुपालन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. पशुपालनमा रहेको आहारा समस्या समाधान गर्न जै, मकैचरी तथा वर्षिम जस्ता घाँसको बिउ खरिद गरी कृषकहरुलाई सेवा केन्द्रमार्फत् वितरणलाई निरन्तरता दिइनेछ। साथै पशु सेवा केन्द्रहरुको स्तरोन्नती गरी उपचार सेवा तथा औषधीको व्यवस्थापनलाई सर्वसुलभ बनाइनेछ।

७०. पशुपन्छीमा लाग्ने विभिन्न किसिमका महामारीजन्य रोगहरु नियन्त्रण गर्नका लागि आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

७१. पशुपालन व्यवसायलाई बढी भन्दा बढी उत्पादनमूलक र व्यवसायिक बनाउन सम्भावनाका आधारमा बङ्गुर प्रवर्द्धन,

पाडापाडी तथा गाई प्रवर्द्धन जस्ता मागमा आधारित जीविकोपार्जन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सिँचाइतर्फ**

७२. कृषि पकेट क्षेत्रमा सिँचाइ सुनिश्चित गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ। साथै सिँचाइका लागि पानी कम भएका स्थानमा प्लाष्टिक पोखरी, थोपा सिँचाइ, पानीको पुनः प्रयोग जस्ता वैकल्पिक विधिको प्रयोग बढाइनेछ।

७३. हेटौंडा उपमहानगरपालिका वडा नं.१२ मा संघीय सरकारको विशेष अनुदानबाट प्राप्त रकम रु.५ करोडको लगानीमा लिफ्ट सिंचाई आयोजना सुरुवात गरिनेछ ।

७४. सिँचाइमा प्रयोग हुने यन्त्र उपकरणहरूमा अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ।

७५. सिँचाई पूर्वाधारको मर्मत सम्भार तथा व्यवस्थापनमा लाभका आधारमा उपभोक्ताको योगदान रहने गरी मर्मत सम्भार कोषको स्थापना गरी उपभोक्तालाई नै जिम्मेवार बनाइनेछ।

**पर्यटनतर्फ**

७६. पर्यटन प्रवर्द्धनका लागि **'जाऔं हेटौंडा रमाऔं हेटौंडामा'** भन्ने कार्यक्रम सहित **पर्यटन वर्ष २०८३** घोषणा गरी कार्यान्वयमा ल्याइनेछ।

७७. एक वडा एक पर्यटकीय गन्तव्यको पहिचान सहित पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरु तथा मौलिक संस्कृति

तथा परम्पराको पहिचान गरी पर्यटकीय उपजको रुपमा विकास गरिनेछ।

७८. पर्यटकीय क्षेत्रमा स्थानीय उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

७९. नदी, खोला तथा सिमसार क्षेत्रको किनारमा पूर्वाधार निर्माण तथा सौन्दर्यीकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।

८०. राष्ट्रिय महत्वका ऐतिहासिक गढी, किल्ला र पर्यटकीय क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गरी स्थानीय पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

८१. **'हाम्रो सम्पदा, हाम्रो सानः सिटी टुर कार्यक्रम पालिकाको पहिचान'** कार्यक्रमअन्तर्गत आन्तरिक पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको सहकार्यमा City Tour कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. हेटौंडा उपमहानगरपालिकाको उपयुक्त स्थानमा संघ तथा प्रदेश सरकारको समन्वयमा **मिनि चिडियाखाना** सञ्चालनमा ल्याइनेछ।

**उद्योगतर्फ**

८३. **'उद्यमशील हातः समृद्धिको सुरुवात'** नीति अन्तर्गत नयाँ उद्यमीलाई प्रविधिमा सहयोग तथा सीपसम्बन्धी ज्ञान प्रदान गरिनेछ।

८४. गुन्द्रुक, मस्यौरा, ढाका, अबिर, केशरी, ड्र्यागन, मेवा, केराको रेसा, खुवा, काष्ठ ठेकी लगायतका उद्योगबाट हुने

उत्पादनको लेवलिङ, ब्रान्डिङ तथा बजारीकरण गर्न सहयोग गरिनेछ।

८५. विभिन्न संघसंस्थासँगको सहकार्यमा नव उद्यमी प्रवर्द्धन गर्न सीप विकास, व्यवसाय विस्तार र बजारीकरणका लागि Business Incubation & Learning Center को स्थापना गरिनेछ।

८६. **'हातको सीपले जीविका मात्र होइन पुस्तौँदेखिको संस्कृतिलाई पनि जोगाउँछ'** भन्ने भावलाई अङ्गिकार गर्दै विभिन्न समुदायहरुको परम्परागत सीप, कला र पेसाको संरक्षण तथा सामग्री उत्पादन र बजारीकरणका लागि सहयोग र सहजीकरण गरिनेछ।

८७. **'सशक्त महिला, समृद्ध समाज'** मा जोड दिँदै महिला सशक्तीकरणका लागि महिलाको नाममा उत्पादनमूलक उद्योग व्यवसाय निःशुल्क दर्ता गर्ने व्यवस्था गरिनेछ।

८८. कम्तिमा १५ जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने गरी नयाँ दर्ता हुने उद्यम व्यवसायलाई पहिलो वर्ष व्यवसाय करमा शतप्रतिशत छुट दिइनेछ।

८९. **'स्थानीय उत्पादन र उद्यमीको भर, हेटौंडा उपमहानगरपालिकाको कोसेली घर'** भन्ने नीति अनुरुप विभिन्न उद्यमी समूहबाट उत्पादन भएका सामग्रीहरुको प्रदर्शन तथा बिक्रीको व्यवस्थाका लागि हेटौंडा-१० मा सञ्चालनमा रहेको कोसेली घर चालु आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

९०. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँगको सहकार्यमा एक वडा एक उद्यम कार्यक्रमलाई निरन्तरता दिई थप वडामा विस्तार गरिनेछ ।

९१. सीप प्राप्त गरेर आर्थिक रुपमा आत्मनिर्भर हुन चाहने तर अवसर नपाएका नगरवासीहरुलाई लक्षित गर्दै गुणस्तरीय अनुकूलित र व्यावसायिक तालिम प्रदान गर्ने लक्ष्य अनुरुप On The Job Training कार्यक्रम सञ्चालनमा सहकार्य गरिनेछ ।

**श्रम तथा रोजगारीतर्फ**

९२. पालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ।

९३. वैदेशिक रोजगारमा जाने व्यक्तिका लागि रोजगार सेवा केन्द्र मार्फत सहजीकरण गर्ने तथा फर्केका युवा श्रम शक्तिको सीप, अनुभव र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने वातावरण तयार गरिनेछ।

९४. अनौपचारिक क्षेत्रमा कार्यरत सूचीकृत श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

९५. सूचीकृत बेरोजगारहरुका लागि रोजगार बैंक तयार गरिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्रतर्फ**

९६. सहकारी संस्थाहरुको नियमित अनुगमन, नियमन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

९७. **'किसानलाई प्रोत्साहन, मेशिनरी औजार खरिदमा अनुदान'** भन्ने नीति अनुरुप ५० प्रतिशत अनुदानमा दुग्ध सहकारी संस्थामार्फत् उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**सामाजिक विकासतर्फ**

९८. सभ्य र सुसंस्कारयुक्त नगर निर्माणमा टोल विकास संस्थालगायत अन्य सामाजिक संघसंस्था, नागरिक समाजको परिचालन मार्फत् सामाजिक रुपान्तरणका अभियानलाई निरन्तरता दिइनेछ।

९९. सभ्यतायुक्त मानवियताको सहर निर्माणका लागि मानवीय कार्यमा क्रियाशील संस्थाहरुको सञ्चालन व्यवस्थापनमा गर्दैं आएको सहयोगलाई निरन्तरता दिइनेछ।

१००. स्थानीय विकास साझेदारको रुपमा कार्य गरिरहेका गैर सरकारी संस्थाहरुको भूमिकालाई थप प्रभावकारी बनाइनेछ ।

१०१. एचआइभि संक्रमित तथा प्रभावित परिवारको लागि शैक्षिक तथा पोषण सहयोग, बिरामीलाई उपचार सहयोग तथा जीविकोपार्जन सुधार कार्यक्रमलाई थप व्यवस्थित सहित निरन्तरता दिइनेछ।

१०२. सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गतका आप्रवासी सूचना केन्द्र, रोजगार सेवा केन्द्र, वित्तीय साक्षरता कार्यक्रम, मनोपरामर्श सेवाका कार्यलाई थप प्रभावकारी बनाइनेछ।

जनस्वास्थ्यतर्फ

१०३. स्वस्थ सहर (Healthy City) कार्यक्रम सघं, प्रदेश तथा विश्व स्वास्थ्य संगठनसँग सहकार्यमा सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ ।

१०४. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोसेली वितरण, PNC Home Visit कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०५. **'मेयरसँग जनता स्वास्थ्य कार्यक्रम'** अन्तर्गत प्यालिएटिभ केयर कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. पाठेघर मुखको क्यान्सर र रजनोवृत समस्या न्यूनीकरणका लागि साप्ताहिक तथा मासिक **भी.आई.ए.** सेवा निःशुल्क सञ्चालन गर्ने गराउने कामलाई निरन्तरता दिइनेछ ।

१०७. अस्पताल, स्वास्थ्य चौकी र आधारभूत/सहरी स्वास्थ्य केन्द्रहरुको न्यूनतम मापदण्ड अनुगमन (MSS) गरी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।

१०८. नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक मार्फत नगरवासीहरुलाई प्रदान गरिँदै आएको निःशुल्क रक्त सञ्चार सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०९. हेटौंडा सामुदायिक आँखा अस्पतालमार्फत् नगरवासीहरुलाई प्रदान गरिँदै आएको सेवा सहयोगार्थ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११०. गर्भवती महिलाहरुको गर्भअवस्थादेखि सुत्केरी भएको २ वर्षसम्मको अवधिलाई Digital प्रविधि APPS बाट ट्र्याकिङ गरी उक्त अवधिमा लिनुपर्ने सम्पूर्ण आधारभूत सूचना उपलब्ध गराइनेछ ।

१११. ९ देखि १४ वर्षका किशोरीहरुलाई लक्षित गरी महिलाहरुमा समस्याको रुपमा देखिने पाठेघर मुखको क्यान्सर विरुद्धको खोप 'HPV' कार्यक्रम सरोकारवालासँग समन्वय तथा सहयोगमा सञ्चालन गरिने छ ।

११२. हेटौंडा अस्पतालबाट सञ्चालित डायलासिस सेवालाई थप व्यवस्थित गर्न उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

११३. कीर्तिपुरस्थित वर्न (जलन) अस्पतालसँग आवश्यक समन्वय गरी जलनमा परेका बिरामीहरूलाई विशेष छुटको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

## <u>शिक्षा विकासतर्फ</u>

११४. शिक्षक दरबन्दी पुनरावलोकन, मिलान र विद्यालय मर्जिङ वा डाउन साइजिङ गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११५. ज्ञानमा आधारित समाज निर्माणका लगि **नगर ई लाईब्रेरी स्थापना गरी** सञ्चालनमा ल्याइनेछ।

११६. शिक्षकको पद रिक्त हुँदा पठनपाठनमा हुने क्षति न्यूनीकरणका लागि कार्यान्वयनमा रहेको शिक्षक बैंक व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै महिला शिक्षक प्रसुति बिदामा बसेको बखत सिकाइ क्षति आपुरणका

लागि विद्यार्थीको प्रसुति सट्टा शिक्षक व्यवस्थालाई पनि निरन्तरता दिइनेछ ।

११७. स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य प्रवर्धन केन्द्र, अस्पताल तथा विद्यालय नर्सको परिचालनमार्फत् सबै विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्धलाई निरन्तरता दिइनेछ।

११८. उत्कृष्ट विद्यालय, उत्कृष्ट विद्यार्थी तथा उत्कृष्ट शिक्षक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११९. विद्यार्थीको सिकाइका क्षेत्र पहिचान गरी वृत्तिमार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२०. एनजाइटी, अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोम जस्ता फरक प्रकृतिका समस्या भएका बालबालिकाको सिकाइ सुनिश्चितताका लागि आवश्यक संस्थागत व्यवस्था गरिनेछ ।

१२१. संस्थागत विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति वितरण प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ । साथै सिमान्तकृत समुदायका विद्यार्थीलाई अध्ययनमा निरन्तरता दिन शैक्षिक सामग्री सहयोग सहित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१२२. नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा पूर्वाधार सम्पन्न दुई वा दुईभन्दा बढी विद्यालयलाई एकीकरण गरी मेघा विद्यालय सञ्चालनको पूर्वाधार तयार गरिनेछ ।

१२३. **'Green School Clean School'** को अवधारणा लागु गरिनेछ ।

१२४. विद्यार्थीलाई विज्ञान र प्रविधिबारे अभिरुची विकास गर्न प्राविधिक धार र कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन भइरहेका विद्यालयमा **STEAM (Science Technology, Engineering, Arts and Mathematics)** अवधारणा क्रमशः विस्तार गर्रिंदै लगिनेछ ।

१२५. **नगर प्रमुखसँग विद्यार्थी** कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुसँग नियमित अन्तरक्रिया गरिनेछ ।

**युवा तथा खेलकुदतर्फ**

१२६. खेलकुद विकासमार्फत् स्वस्थ एवम् सकारात्मक सोचको विकास गर्न व्यापक जनसहभागितामा **हेटौंडा रन** कार्यक्रम सञ्चालन गरिनेछ।

१२७. युवामा स्वयंसेवा, उद्यम प्रवर्द्धन तथा कुलत दूर्व्यसन नियन्त्रणसम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. विद्यालय स्तरीय बृहत खेलकुद प्रतियोगिता, क्रिकेट, फुटबल, भलिबल लगायतका खेलकुद कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१२९. महिला फुटबललाई प्रोत्साहन गर्ने अन्तराष्ट्रिय महिला फुटबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

१३०. अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी विशेष खेल प्रतियोगिता आयोजना गरिनेछ ।

१३१. खेल क्षेत्रमा उल्लेखनीय योगदान गर्ने खेलाडीहरूलाई सम्मानित तथा पुरस्कृत गरिनेछ।

१३२. युवामा उद्यमशीलता विकास गर्न व्यवसायिक तालिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. सार्वजनिक निजी साझेदारी अवधारणामा युवाद्वारा संचालित उद्यम व्यवसाय तथा उद्योगको प्रवर्द्धन गरिनेछ ।

१३४. हेटौंडा प्रतिभा कार्यक्रम मार्फत हेटौंडाको भाषा, कला, साहित्य जस्ता क्षेत्रमा विशिष्ट योगदान पुर्याएका श्रष्टाहरुलाई पुरस्कृत गरिनेछ।

१३५. खेलाडीको प्रतिष्पर्धी क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विज्ञता हाँसिल गरेका खेलाडीसँग ज्ञान सिप, तथा अनुभव आदानप्रदान गर्न साझेदारीको व्यवस्था गरिनेछ ।

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरणतर्फ**

१३६. **'महिलामैत्री हेटौंडा उपमहानगरपालिका'** निर्माण अभियान अन्तर्गत नीति, योजना, कार्यक्रम सञ्चालन, पूर्वाधार निर्माणदेखि अनुगमन मूल्याङ्कनमा महिलाको सार्थक सहभागिता बढाइनेछ ।

१३७. स्वस्थ सक्रिय जीवनयापन र ज्ञान हस्तान्तरणको लागि ज्येष्ठ नागरिक परिचालन साथै अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

१३८. लैङ्गिक हिंसामुक्त पालिका निर्माणको लागि लैङ्गिक हिंसा, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, डिजिटल हिंसा, मानव बेचविखनविरुद्धमा निरोधात्मक

उपाय अवलम्बन गर्दै प्रभावितलाई उद्धार, राहत, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा तथा पारिवारिक पुनर्मिलनका लागि अल्पकालीन सुरक्षित आश्रय स्थल सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१३९. बालअधिकारको प्रवर्द्धन गर्न बालमैत्री सहजकर्तामार्फत् बाल समुह/सञ्जाल परिचालन गरिनेछ। साथै बालभेलाबाट माग भएका कार्यक्रम सञ्चालन एवम् पञ्चवर्षीय रणनीतिको अवलम्वन गर्दै बालमैत्री स्थानीय शासनको दिगोपनामा जोड दिइनेछ ।

१४०. **'नगर प्रमुख/उपप्रमुखसँग बालबालिका संवाद'** कार्यक्रममार्फत् बालबालिकाको क्षेत्रमा देखा परेका **'जोखिम विरुद्ध अभिभावक- छोराछोरी'** कार्यक्रम सञ्चालन गरिनेछ ।

१४१. नगरभित्रका छोरीहरुको सम्मान तथा क्षमता विकासको लागि **'आमाको सपना छोरीको उडान'** तथा **'डिजिटल दिदी मोवाईल बैंकिङ्क कक्षा'** कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

## साहित्य कला तथा संस्कृतितर्फ

१४२. स्थानीय भाषा, लिपी, संस्कृति तथा परम्पराको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

१४३. समुदायको लागत सहभागितामा नगरमा रहेका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदाको पहिचान गरी जीर्णोद्वार तथा विकास गरिनेछ ।

१४४. साहित्यका विविध विधा समेटी साहित्य क्षेत्रको प्रवर्द्धनका लागि हेटौंडा साहित्य महोत्सव आयोजना गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ**

१४५. सफा हेटौंडा अभियान अन्तर्गत फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने र फोहोरको पुन प्रयोग अवधारणा कार्यान्वयनमा ल्याई **शुन्य फोहोर अभियान** टोल विकास संस्था र अन्य संघ संस्थाको समन्वय र सहकार्यमा अगाडि बढाइनेछ।

१४६. प्लाष्टिक झोलाको प्रयोग निरुत्साहित गर्न वडा नं. ७ लाई प्लाष्टिक मुक्त वडा घोषणा गरिनेछ । नगरका अन्य वडालाई प्लाष्टिक मुक्त वडा घोषणा क्रमशः गर्रिदै लगिनेछ ।

१४७. नगर क्षेत्रको हरियाली प्रवर्द्धन, वन संरक्षणका लागि वन डढैंलो नियन्त्रण, जैविक विविधताको संरक्षण र वनको लगत सङ्कलन कार्यलाई सामुदायिक वन, क्याम्पसहरु, संघ संस्थाको सहकार्यमा गरिने छ ।

१४८. फोहोर व्यवस्थापनलाई सार्वजनिक निजी साझेदारी अवधारणामा निरन्तरता दिइने छ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१४९. सहरी क्षेत्रमा हुने आगलागीजन्य दूर्घटना न्यूनीकरण गर्न प्रत्येक घरमा अग्नी नियन्त्रण यन्त्र (Fire Extinguisher) जडान गर्न उत्प्रेरित गरिने छ ।

१५०. नगरमा भएका खाली सार्वजनिक जग्गा पहिचान गरी सहरी सौन्दर्यीकरण कार्यलाई अगाडि बढाइने छ ।

१५१. प्राकृतिक विपद् र जलवायु परिवर्तनका असरलाई ध्यानमा राखेर विपद तथा जलवायु उत्थानशील योजना तयार गरी दीर्घकालीन, सुरक्षित र दिगो विकास योजना बनाउने नीति लिइनेछ ।

## संस्थागत विकास तथा सुशासनतर्फ

१५२. कार्यसम्पादनलाई व्यवस्थित गर्न समयसापेक्ष सांगठनिक संरचना (O&M) को पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ ।

१५३. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५४. नगरबाट प्रवाह हुने सेवा सुविधा, नागरिक कर्तव्य तथा अधिकारका सम्बन्धमा आम समुदायका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५५. नागरिकलाई छिटो छरितो तथा प्रभावकारी सेवा प्रवाहमा गर्न पालिका र प्रत्येक वडा कार्यालयमा हेल्प डेस्क स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

१५६. सुशासन तथा पारदर्शितालाई प्रभावकारी बनाउन **सदाचार नीति तर्जुमा** गरी लागु गरिनेछ ।

१५७. अन्य स्थानीय तह तथा अन्तराष्ट्रिय सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

१५८. प्रमुख चाडबाड तथा मेला महोत्सवमा हुन सक्ने हुलदंगा, झैझगडा आदिको व्यवस्थापनका लागि सुरक्षा निकाय, नगरप्रहरी, स्काउट, स्वयंसेवक परिचालनसम्बन्धी सुरक्षा योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१५९. न्यायिक समितिमा पर्ने उजुरीलाई समयमा नै किनारा गर्न समितिको क्षमता विकास गरिनेछ ।

१६०. प्रमुख चोक बजार क्षेत्र लगायत महत्वपूर्ण स्थानमा सिसि टिभी क्यामरा मर्मत सम्भार तथा थप जडान कार्यलाई निरन्तरता दिइनेछ ।

## वित्त व्यवस्थापनतर्फ

१६१. सम्पूर्ण करदातालाई राजश्वको दायरामा ल्याउन "**कर तिर्नु सम्मानित हुनु पनि हो**" भन्ने भावना जगाउन तथा कर दायित्वसम्बन्धी सचेतना गराउन प्रवर्द्धनात्मक, प्रचारात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६२. करदाताको सूचनालाई एकीकृत रुपमा राख्ने व्यवस्था गरिनेछ । साथै कानूनको अधीनमा रही सम्भावित सबै प्रकारका प्राकृतिक स्रोतको उच्चतम उपयोग गरिनेछ ।

१६३. आम्दानी, खर्च र जिन्सी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ । वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

१६४. **स्थायी लेखा नम्वर (PAN)** उपमहानगरपालिकाबाट जारी गरिनेछ ।

## सूचना, सञ्चार, प्रविधितर्फ तथा नवप्रर्वतन र अनुसान्धान

१६५. नगरका गतिविधिहरू सूचना पाटी, सामाजिक सञ्जाल, बुलेटिन, पत्र पत्रिका, आमसञ्चार तथा वेबसाइटमार्फत् अनिवार्य रूपमा सार्वजनिक गरिनेछ ।

१६६. पालिकाको सबै क्षेत्रमा सूचना प्रविधिमा पहुँच वृद्धि गर्न सेवा प्रदायक संघ संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

१६७. सञ्चार माध्यमको गुणस्तर वृद्धि गर्न सञ्चार माध्यम तथा सञ्चारकर्मीको क्षमता विकासमा सहयोग तथा सहकार्य गरिनेछ ।

१६८. सबै घरधुरीका सूचनाहरु डिजिटल रुपमा राख्ने, स्वतः अध्यावधिक हुने तथा सूचनालाई कर प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

१६९. हेटौंडा उपमहानगरपालिका भित्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ता व्यक्ति वा संस्थालाई **मेयर्स**

**फेलोसिप** प्रदान गरिनेछ, अनुसन्धानबाट प्राप्त प्रतिवेदनलाई क्रमशः कार्यन्वयनमा लगिनेछ।

१७०. विश्व विद्यालय तथा विभिन्न क्याम्पस, अनुसन्धान संस्था तथा निजी क्षेत्रसँग साझेदारी गरी अध्ययन तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

१७१. अध्ययन अनुसन्धानको कार्यमा थप लगानी गरिने छ । साथै आगामी आर्थिक वर्षमा **युवा वैज्ञानिक कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई नगरको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु । यी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, नगरको सर्वाङ्गीण विकासमा योगदान पुर्याउने नगरसभाका सदस्य, राजनैतिक दल, राष्ट्र सेवक कर्मचारी, शिक्षक, सञ्चारकर्मी, निजी क्षेत्र, व्यापारी, सुरक्षा निकाय, नागरिक समाज, विकास साझेदार र विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीवी लगायत सम्पूर्ण नगरवासी र संघ तथा प्रदेश सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**!!! धन्यवाद !!!**